परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

•वर्ष १ •अंक ३२८ •२०७९ साल माघ १९ बिहिबार •(2 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## बलात्कार आरोपी
## शिवराज संगै विवाह गर्दै कुमारी आमा

**टक नेपाल, धनुषा।**



जसलाई बलात्कारी भनिन, उनकै जबरजस्तीमे मैले बच्चा पाए भनिन, उनले सफाई पाउँदा राष्ट्रपति निवास शितल निवास अगाडि गएर आत्मदाहको प्रयास गरिन उनै आरोपी शिवराज संग उनी खुसी खुसी विवाह गर्दैछिन्। उनी हुन कुमारी आमा भनेर चिनिने महोतरीकी निहारिका राजपुत। सुन्दा आश्चर्य लाग्छ तर यो साँचो हो उनले भनिन, 'पहिलाको शिवराज विल्कुल परिवर्तण भइसकेको र बच्चाको लागि एकदमै समर्पित भएर आएकाले स्वीकार गरेकी हुँ।' कुमारी आमाका रुपमा चर्चामा आएकी निहारिका राजपुतले आरोपी शिवर ाज श्रेष्ठसँग मिलापत्र गरेकी छन् र यसै साता विवाह गर्न लागेको पनि खुसी हुदै एसपी खवरलाई बताईन। हिजो सोमवार कोर्ट म्यारेज पनि भइसकेको जानकारी गराउँदै उनले भनिन, 'यसै सप्ताह भित्र माता जानकीको मन्दिरमा विवाह गर्ने तयारी गरेका छौं।' शिवराजको अहिलेको प्रस्तुती, उनको बच्चा र म प्रतिको अदालतमा देखेको सदभाव र पछिल्ला दिनहरु प्रतिको अफसोचले आफु सँगै बस्ने निधोमा पुगेको उनले बताइन। 'छिट्टै नागरिकता, विवाहदर्ता सहितका कागजात पनि बनाउने सहमती भएको छ।' उनले थपिन। अझै पनि उनका परिवारका केहि सदस्यहरु नमानिरहेको भएपनि उनले हौसला र हिम्मत देखाएर तिमी र बच्चालाई म अपनाउँछु भनेपछि म पनि सोच्न बाध्य भएको हुँ निहारिकाको तर्क छ। जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेलको रोहबरमा उनले मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १९३ (४) बमोजिम मिलापत्र गरेकी हुन्। मिलापत्र अनुसार श्रेष्ठले निहारिकालाई श्रीमतीका रुपमा स्वीकारेका छन्।

*-बाँकी पृष्ठ २ मा*

## बर्दिबासमा सवारी चालकको स्वास्थ्य परिक्षण

**टक नेपाल, महोत्तरी।**



महोत्तरीको बर्दिबासमा सवारी साधनको यान्त्रिक तथा चालक परिचालकहरुको स्वास्थ्य परिक्षण गरिएको छ। बढ्दो दुर्घटनालाई न्यूनिकरण गर्न बुधवार बर्दिवास नगरपालिका-१ का वडाध्यक्ष भोला खड्काको अध्यक्षता तथा बर्दिबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्रीको प्रमुख आतिथ्यमा एक दिवसिय चालक परिचालकहरुको स्वास्थ्य परिक्षण र यान्त्रिक चेकजाँच सहितको दुर्घटना न्यूनिकरण तथा जनचेतना मुलक कार्यक्रम गरिएको छ। बर्दिबासस्थित साई मल्टिस्पेसियालिटी हस्पिटलको प्राविधिक सहयोगमा जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबास महोत्तरीले सवारी चालक र परिचालकको स्वास्थ्य चेकजाँच गरेको हो। सवारीको यान्त्रिक तथा चालक र परिचालकको स्वास्थ्य चेकजाँचको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रह्लाद कुमार क्षेत्रीले बर्दिबास चौकको ट्राफिक व्यवस्थापनका लागि नगरपालिका गम्भिर रहेको बताए। नगरको ट्राफिक व्यवस्थापन गर्न बर्दिबास नगरपालिकाले बस पार्कको अवधारणा ल्याएको पनि उनले जनाए। नगरप्रमुख क्षेत्रीले बर्दिबास चौक र व्यवसायिक क्षेत्रको नजिकमा पर्ने भप्सी खोला किनारमा बस पार्क बनाउने योजना बनाएको उल्लेख गरे। यस्तै नेपाल प्रहरी राजमार्ग सुरक्षा तथ ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका प्रमुख प्रहरी उपरीक्षक सन्तोषभट्टराईलेसवारीदुर्घटनामादिनहुँ बृद्धि भईरहेको भन्दै चिन्ता व्यक्त गरे। कुनै एउटा निकायले चाहेर सवारी दुर्घटना न्यूनीकरण गर्न नसक्ने बताउँदै उनले सबै सरोकारवाला पक्ष सहकार्य र समन्वय गरेर दुर्घटना न्यूनीकरण गर्नुपर्नेमा जोड दिए। जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबास, महोत्तरीका प्रमुख उदय सिंह सिजापतिले दिनप्रतिदिन बढ्दै गईरहेको सवारीसाधनको चाप, अव्यवस्थित पार्किङ र बसपार्कको समस्या ट्राफिक प्रहरीलाई चुनौतीको विषय भएको उल्लेख गरे।

*-बाँकी पृष्ठ २ मा*

## गौशाला बजारबाट फेरी मोटरसाईकल चोरी

**बिष्णु यादव, गौशाला।**

दिनप्रतिदिन सवारी साधन चोरी हुनथालेपछि महोत्तरीको प्रमुख ब्यापारी केन्द्र गौशाला बजारका ब्यापारीहरु भयबित भएर बजार ब्यबसाय गर्न बाध्य भएका हुन्। निरन्तर सहजै रुपमा चोरहरु सकृय भई सवारीसाधन चोरी गरी लग्ने गरेको हुदा आफुहरु असुरक्षित रहेको ब्यापारीहरु बताउछन्। केहिमहिनाको अबधिमा करीब आधा दर्जन भन्दा बढि सवारी चोरी भएको जसमध्ये साईकल,मोटरसाईकल र चार चक्का लगाएतका घटनाहरु छन्। मंगलवार राती करीब पौने ९ बजे को समयमा वडा नंम्बर ५ स्थित ब्रह्मस्थान नजिक घर अगाडि लगाई राखेको प्रदेश २-०२-००४प८९५८ नंम्बरको २२० सिसि कालो र रातो कलर भएका पल्सर मोटरसाईकल चोरी भएको सवारीधनि अहमद अंसारीले बताए। केहीदिन पहिला सिटिजन बंकको पश्चिम उतरतर्फ पार्किंगगरी राखेको कार चोरी भएको थियो। बजार परिसरका वरीपरि ठाउठाउमा सिसिटिभि,प्रहरी प्रशासनको निगरानी हुदाहुदै चोरीको घटना हुनेगरेको भन्दै प्रशासन अनुसन्धानमै सिमित रहेको गौशाला फैसन स्टोर्स कपडा पषलका सञ्चालक सुजित यादबले आरोप लगाउनु भयो। यस्ता घटनामा सानोतिनो चोर नभई चोरहरुका गिरोह सकृय रहेको हुन सक्ने हुदा चाडै पक्राउ गरी कारबाही गर्न समेत यादबले माग गरे।

## भारतबाट बढेर आयो इन्धनको मूल्य

**टक नेपाल, काठमाडौं।**

भारतबाट इन्धनको नयाँ मूल्य बढेर आएको नेपाल आयल निगमले जनाएको छ। भारतीय आयल कर्पोरेसन (आईओसी) बाट मंगलबार बेलुकी निगमलाई प्राप्त नयाँ मूल्यअनुसार खाना पकाउने ग्याँसबाहेक सबै प्रकारका इन्धनको मूल्य बढेर आएको छ। पेट्रोलमा प्रतिलिटर ८ रुपैयाँ र डिजेल प्रतिलिटर ७ रुपैयाँ ९८ पैसाले थप महँगो भएको निगम स्रोतले बतायो। यस्तै मट्टितेलको मूल्य लिटरमा ४ रुपैयाँ ८० पैसाले बढेको छ भने हवाइ इन्धन लिटरमै ७ रुपैयाँ ५० पैसाले बढेर आएको छ। भारतबाट बढेर नयाँ मूल्य पाए पनि निगमले आफ्नो उपभोक्ताका लागि नयाँ मूल्य भने निर्धारण गरेको छैन। नयाँ मूल्यपछि निगम १५ दिनमा ९ करोड ४१ लाख रुपैयाँ नोक्सानीमा जाने देखिएको स्रोतको दाबी छ। यसअघि नै निगमलाई भारतीय आयल कर्पोरेसनलाई तिर्नु पर्ने ९ अर्ब र सरकारी ऋण ७ अर्ब गरी १६ अर्ब भन्दा धेरै बक्यौता बाँकी रहेको पनि निगमले जनाएको छ। भारतबाट नयाँ मूल्य आए पनि उपभोक्ता मूल्य तोक्नेबारे भने निगम बोर्ड बैठक वा निगमले निर्णय गर्नु पर्नेछ।



# ४ दिनपछि शेयर बजार सामान्य बढ्यो, कारोबार रकम भने २ अर्ब रुपैयाँ पनि पुगेन

**टक नेपाल, काठमाडौं।**
लगातार चार दिनसम्म घटेको शेयर बजार आज बुधवार भने सामान्य बढेको छ । शेयर बजार परिसूचक नेप्से आज चार दशमलव ९७ अङ्कले बढेर दुई हजार एक सय १६ दशमलव ६६ विन्दुमा पुगेको छ । आज माइक्रोफाइनान्स र म्युचल फन्डबाहेक अरू सबै समूहको शेयर सामान्य बढेको छ। बजार बढे पनि कारोबार रकममा पनि निकै कमी आएको छ। दुई सय ६१ वटा कम्पनीका ५० लाख २४ हजार कित्ता शेयर एक अर्ब ७६ करोड ७० लाख रुपैयाँमा कारोबार भएका छन् । सबैभन्दा धैरै नेपाल बैंकको पाँच करोड ९३ लाख रुपैयाँको शेयर किनबेच भएको छ ।




आज सबैभन्दा धैरै आदर्श लघुवित्तको शेयर १० प्रतिशत र सिद्धार्थ इन्सुरेन्सको शेयर आठ प्रतिशतले बढेको छ । सगरमाथा इन्सुरेन्स कम्पनीको शेयर भने सबैभन्दा धैरै झन्डै चार प्रतिशतले ओरालो लागेको छ ।

# नेपालमा प्रयोग हुने कुल मोबाइलमध्ये २८ प्रतिशत बारफोन



**टक नेपाल, काठमाडौं।**
नेपालमा प्रयोग हुने कुल फोनमध्ये २८ प्रतिशत बारफोन रहेको पाइएको छ। दूरसञ्चार क्षेत्रको नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको एक प्रतिवेदनअनुसार दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूको सिस्टममा देखिएका कुल मोबाइलमध्ये २८.१५ प्रतिशत बारफोन रहेको पाइएको हो। प्राधिकरणले सेवाप्रदायकको नेटवर्कमा पहिचान भएको तथ्याङ्कका आधारमा यो प्रतिवेदन तयार पारेको हो । प्रतिवेदनअनुसार नेपालमा कुल ५२ ब्राण्ड/मोडेलका मोबाइल सेट प्रयोगमा रहेको पाइयो । त्यसमध्ये एनसेल नेटवर्कमा ५१ र नेपाल टेलिकम नेटवर्कमा ५२ ओटा मोबाइल देखिएको छ । प्रतिवेदनअनुसार अध्ययनको क्रममा एनसेलको नेटवर्कमा कुल एक करोड ७० लाख ३९ हजार ३५ ओटा मोबाइल सेट र नेपाल टेलिकमको सिस्टममा एक करोड ५७ लाख ८४ हजार ७२३ ओटा मोबाइल सेट पहिचान भएको थियो। यसमध्ये एनसेलको नेटवर्कमा २८.३१ प्रतिशत बारफोन र नेपाल टेलिफोनको नेटवर्कमा २८ प्रतिशत बारफोन रहेको पाइयो । स्मार्टफोनतर्फ एनसेलको नेटवर्कमा ६९.७३ र नेपाल टेलिकमतर्फ ६६ प्रतिशत रहेको छ । त्यस्तै स्मार्ट टेलिकमको नेटवर्ककमा एक लाख ६३ हजार ९९२ बारफोन र दुई लाख ९५ हजार १८० स्मार्टफोन सक्रिय रहेको देखिएको छ ।

# बर्दिबासमा सवारी.................................

बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु बहादुर खड्काले बर्दिबासको अव्यवस्थित सवारी पार्किङलाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिए । कार्यक्रममा यातायात सेवा कार्यालय बर्दिबासका प्रमुख राकेश यादव, ईलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक रवि रावल, ईलाका प्रशासन कार्यालय बर्दिबासका प्रमुख सन्देश अधिकारी लगायतको उपस्थिती रहेको थियो ।

# मधेस प्रदेश : मन्त्रिपरिषद् विस्तारमा ढिलाइ

**टक नेपाल, जनकपुरधाम।**
मधेस प्रदेशमा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको छ । मुख्यमन्त्री सरोजकुमार यादवसहित चार सदस्यीय मन्त्रिपरिषद् गठन भएको तीन साता वित्दासमेत विस्तार हुनसकेको छैन । सत्ता साझेदार दलहरूबीच कसले कुन मन्त्रालय पाउने विषयमा सहमति हुन नसक्दा सरकार विस्तारमा समस्या देखिएको छ । सत्तारुढ दलहरूबीच पाँच प्रदेशसभा सदस्य बराबर एक मन्त्रालय दिने समझदारी भएको थियो । तर एउटै मन्त्रालयमा दुई पार्टीले दाबी गरेपछि मन्त्रिपरिषद् विस्तार हुन नसकेको हो । नेकपा (माओवादी केन्द्र)ले मधेसमा सामाजिक विकाससहित दुई मन्त्रालय माग गरेको छ। मधेसमा सत्ता साझेदार मुख्य दल नेकपा (एमाले) र सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा) बीच यसबो् छलफल भइरहेको छ। जनमत पार्टी मधेस प्रदेशका संसदीय दलका नेता महेश यादव भन्नुहुन्छ, 'हामीले सामाजिक विकास मन्त्रालय




मागेका छौं । यसमा सहमति जुटे पछि हाम्रो पार्टीको तर्फबाट मन्त्री बन्नेको नाम छिट्टै पेस हुन्छ ।' यही माघ १३ गते जनमत पार्टीबाट मन्त्री बन्नुभएका इञ्जीनियर वसन्त कुशवाहालाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ। मधेश प्रदेशमा माओवादी संसदीय दलका नेता भरतप्रसाद साह सम्मानजनक ठाउँ पाउनुपर्ने बताउनुहुन्छ । 'सरकार विस्तारका लागि नीतिगत कुरै मिलेको छैन, त्यही भएर ढिलाइ भइरहेको छ', उहाँले भन्नुभयो । प्रदेश सरकारमा नेकपा (एमाले), जसपा, जनमत र माओवादी केन्द्र सहभागी छन् । मधेसमा अहिले चार सदस्यीय मन्त्रिपरिषद् छ । गत पुस २९ गते मुख्यमन्त्री यादवले शपथग्रहण गर्नुभएको थियो । मुख्यमन्त्रीसँगै तीन बिनाविभागीय मन्त्रीले शपथ लिएका थिए । अहिले उहाँहरूको जिम्मेवारी तोकिइसकेको छ । मुख्यमन्त्री यादवले सबै दललाई समेटेर अगाडि बढ्दा मन्त्रिमण्डल विस्तारमा ढिलाइ भएको बताउनुभयो । 'यही साताभित्र मन्त्रिपरिषद् विस्तार हुन्छ', उहाँले भन्नुभयो ।

# बलात्कार आरोपी शिवराज......................

जिल्ला अदालतमा अंश मुद्दा दिएकी उनले दुईबीच पति-पत्नीका रुपमा बस्ने निर्णय भएको भनेकी छन् । 'म र नाबालक छोरा समेतलाई इज्जत अनुसार खान, लाउन, औषधोपचार खर्च, छोराको पढाइ लेखाइ खर्च तथा पिता पतिको हुने कर्तव्य निर्वाह गर्छु भनेर विपक्षीले स्वीकार गरेकाले म पनि एकासगोलमा नै बस्ने गरी फिराद दाबी छाडेको'', मिलापत्रमा भनिएको छ । निहारिकाले आफू बलात्कृत भएको र कानूनी उपचारका लागि प्रशासनले सहयोग नगरेको भन्दै लामो समयदेखि आन्दोलन गरिरहेकी थिइन् । त्यसक्रममा उनी पटकपटक पक्राउ समेत परेकी थिइन् । उनले आफ्नो बच्चाको डीएनए जाँच गरिनुपर्ने, घटनाको सुरुवातदेखि नै मुद्दा कमजोर बनाउने गरी काम भएको भन्दै पुनः जाँच गरिनुपर्ने लगायको माग राख्दै अनशन समेत बसेकी थिइन् । राष्ट्रपति भवन अगाडि आत्मदाहको प्रयास समेत गरेकी थिइन । यो प्रकरण पहिल्यै अदालत सम्म पुगेको थियो। तर, जिल्ला अदालत, धनुषाले २४ माघ २०७८ मा श्रेष्ठलाई सफाइ दिएको थियो । त्यसविरुद्ध निहारिका उच्च अदालत जनकपुर पुगेकी थिइन् । उनको विरोधपछि बलात्कारको मुद्दामा प्रमाणको मूल्यांकन नगरी आरोपीलाई सफाइ दिएको भन्दै धनुषाका तत्कालीन जिल्ला न्यायाधीश डा. परशुराम भट्टराई पनि जिल्ला अदालत तानिएका थिए। बलात्कार सम्बन्धी मुद्दा उच्च अदालतमा अझै विचाराधीन छ। राजपुतले २७ साउन २०७९ मा शीतलनिवास अगाडि आत्मदाहको प्रयास गरेपछि यस विषयमा राष्ट्रपति विद्यादेवी भण्डारीले पनि चासो देखाएकी थिइन् । त्यसपछि बसेको न्यायपरिषद् बैठकले तत्कालीन न्यायाधीश भट्टराईलाई सर्वोच्च अदालत तानेको थियो । पछि खुमलटारस्थित राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा गरिएको परीक्षणमा राजपुतका छोराको डीएनए शिवराजसँग मिलेको थियो। उच्च अदालत जनकपुरले निहारिकाको छोरा र श्रेष्ठको डीएनए जाँच गर्न ८ भदौमा आदेश दिएको थियो । त्यसअघि शिवराजले बच्चा आफ्नो नभएको दाबी गर्दै जाँच गराउन आफू तयार भएको बताएका थिए। डीएनए मिलेपछि निहारिकाले अदालतमा अंश मुद्दा दिएकी थिइन्। पहिले उनले डीएनए मिलेको अवस्थामा श्रेष्ठलाई बलात्कारको कसूरमा सजाय हुनुपर्ने बताउँदै आएकी थिइन् । उनले 'कुमारी आमा'हरुबाट जन्मिएका बच्चाहरुको स-सम्मान बाँच्न पाउने संवैधानिक अधिकारको सुनिश्चितताका लागि सरकार पहल गर्नुपर्ने पनि माग राखेकी थिइन् ।

## ☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो। | तुला | घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ। |
| बृष | आज भविष्य र करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। | वृश्चिक | आज धार्मिक र सामाजिक महत्त्व क्षेत्रको भ्रमण हुनसक्छ। |
| मिथुन | आज स्वास्थ्य प्रति सजग रहन जरूरी छ। | धनु | आज मनपर्ने खानाको परिकार खान पाइनेछ। |
| कर्कट | आज बोलीवचन, प्रवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ। | मकर | आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ। |
| सिंह | आज परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ। | कुम्भ | आज परिवारभित्रका झिनामसिना काममा धैरै समय खर्चनु पर्नेछ। |
| कन्या | आज प्रविधि मार्फत दैनिकी सहज हुनेछ। | मीन | आज घरपरिवारमा रमाइलो वातावरण छाउनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# भ्रष्टाचारको गह्रौं भारी

भ्रष्टाचारले आमनागरिकको राज्यप्रतिको विश्वासलाई कमजोर तुल्याउँछ । आफूले चुनेर पठाएका जनप्रतिनिधिले भ्रष्टाचार रोकेर कामलाई अगाडि बढाउन सके भने आमविश्वास बढ्छ। भ्रष्टाचारबाट मुलुकको बहुआयामिक विकासमा असर पर्छ। आमनागरिकका निम्ति गर्नैपर्ने काममा यसले रोक लगाउँछ । साधनस्रोतको दुरूपयोग हुन्छ । भ्रष्टाचार बढ्दा सीमित व्यक्ति लाभान्वित हुन्छन्। तर देश भने पछि पर्छ । त्यसमा पनि भ्रष्टाचार भएका मुलुकको अन्तर्राष्ट्रिय मञ्चमा समेत नकारात्मक चर्चा हुन्छ । भ्रष्टाचारका बारेमा बर्सेनि संसारभरका मुलुकको स्थितिलाई लिएर चित्रण हुने गरेको छ। ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआइ) ले मंगलबार जारी गरेको प्रतिवेदनले फेरि पनि नेपाललाई भ्रष्टाचार धेरै हुने मुलुककै पंक्तिमा राखेको छ । विश्वका भ्रष्टाचार हुने मुलुकमध्ये नेपाल ११०औँ स्थानमा छ । नेपालले सयमध्ये ३४ अंक मात्र प्राप्त गरेको छ। ५० अंक भन्दा कम पाउने मुलुकलाई बढी भ्रष्टाचार हुने मुलुकका रूपमा लिइन्छ। भ्रष्टाचारको अवधारणा सूचकाङ्क (करप्सन पर्सेप्सन इन्डेक्स) अनुसार विश्वका १८० मध्ये नेपालको स्थान ११० मा रहेको हो। भ्रष्टाचार यति धेरै हुने मुलुकका रूपमा नेपाल अन्तर्राष्ट्रिय जगत्मा चिनिनु आफैँमा लज्जाको विषय हो। यसमा सरकार, राजनीतिक दल, सार्वजनिक संस्था आदिले आफ्नो मूल्यांकन गर्नु आवश्यक हुन्छ । भ्रष्टाचारको हिसाबले नेपालमा केही वर्षदेखि यही अंकको हाराहारीमा स्थान रहँदै आएको देखिन्छ। गत वर्ष भन्दा एक अंकको सुधारलाई उपलब्धिका रूपमा लिन सकिँदैन। बरु यसरी निरन्तर भ्रष्टाचार भइरहने मुलुकका रूपमा नेपाल रहेको छ भने यसलाई घटाउनतिर रणनीतिक तयारी आवश्यक हुन्छ । देशले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संवैधानिक अंगका रूपमा स्थापित गरेको छ। यो निकायले भ्रष्टाचार नियन्त्रणमा जुन तहको प्रयास गर्नुपर्ने हो त्यो देखिएको छैन। अख्तियारले जहिल्यै ठूला माछालाई छाडेको र साना माछा समात्न दौडिने गरेको आरोप लाग्दै आएको छ । अख्तियारले आफ्नो छवि जोगाउन नसकेका दृष्टान्त हाम्रासामु छन् । लोकमानसिंह कार्की जस्ता पात्रलाई अख्तियारको नेतृत्वमा पठाउँदा तत्कालीन सरकार र प्रमुख दलले गरेको गल्तीले यो संस्थाको छवि धुलिसात भएको छ। लोकमानलाई अख्तियारमा राखेर भ्रष्टाचार कम हुन्छ भन्नु र दूधको साक्षी बिरालोलाई बनाउनु एकै हो। अख्तियारकै अर्का आयुक्त राजनारायण पाठकले घूसको बार्गेनिङ गरेको तथ्य सार्वजनिक भएको देखिएको छ। उनीमाथि भ्रष्टाचारमा कारबाही नै भएको छ। यसबाट पनि देखिन्छ सरकारले कस्ता मानिसलाई भ्रष्टाचारविरुद्ध क्रियाशील हुनुपर्ने संस्थामा नियुक्त गर्छन्। अख्तियारलाई दलको भागबन्डाको थलो बनाउनु भन्दा मुलुकमा सुशासनका निम्ति क्रियाशील हुन सक्ने व्यक्तिलाई पठाउन सकिन्छ। त्यसले मात्र भ्रष्टाचार घटाउन मद्दत गर्छ । केही वर्षअघिसम्म भुटान नेपाल भन्दा निकै पछाडि रहेको हो। त्यस्तो मुलुकले आफूलाई दक्षिण एसियामा कम भ्रष्टाचार गर्ने मुलुकका रूपमा उभ्याएको छ। दक्षिण एसियाली मुलुकमध्ये नेपालको स्थान पाँचौं रहेको छ। विश्वमै सबै भन्दा सदाचारी मुलुकमा डेनमार्क रहेको छ। उसले ९० अंक हासिल गरेको छ। सबै भन्दा भ्रष्ट मुलुकमा सामोलियाले १२ अंक प्राप्त गरेको छ। विश्वका दुईतिहाइ मुलुकमा भ्रष्टाचार गम्भीर समस्याका रूपमा रहेको छ। भ्रष्टाचार किन पनि गम्भीर समस्या हो भने यसले आमनागरिकको सेवामा प्रयोग हुने स्रोतसाधनको दोहन गर्छ। भ्रष्टाचारले सीमित व्यक्तिको हातमा स्रोतसाधन पुऱ्याउँछ । भ्रष्टाचार भनेको आमनागरिकप्रतिको बेइमानी हो। त्यसकारण यसलाई फौजदारी अभियोगका रूपमा लिइन्छ। फौजदारी अभियोग लागेको कुनै पनि राजनीतिक व्यक्तिले निर्वाचनमा भाग लिन पाउँदैन। उसको राजनीतिक जीवन समाप्त हुन्छ। हाम्रो मुलुकमा थोरै राजनीतिक व्यक्तिमाथि मात्र यस किसिमको कारबाही भएको छ। भ्रष्टाचार गर्ने राजनीतिक व्यक्तिहरूलाई आमनागरिकले चिनेका भए पनि अहिले तिनैको स्वर ठूलो छ। रकम मोलमोलाइ गरेका श्रव्यदृश्य सामग्री सार्वजनिक भएर पनि तिनीहरूमाथि कुनै कारबाही भएको छैन। तिनीहरूको उन्मुक्त अवस्था देखेर पनि भ्रष्टाचारतर्फ लिप्त हुने ठूलो जमात यो मुलुकमा छ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# पाकिस्तानमा डुंगा डुब्दा ५२ जना विद्यार्थीको मृत्यु

**एजेन्सी ।** उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा गत आइतबार डुंगा डुब्दा ज्यान गुमाउने विद्यार्थीको संख्या ५२ पुगेको छ । प्रान्तको कोहाट जिल्लास्थित टाँडा बाँधबाट २१ जनाको शव निकालिएको उद्धारकर्मीले बताएका छन् । ज्यान गुमाएका अधिकांश सात देखि १४ वर्षका स्कूले केटाकेटी हुन्। उनीहरू वनभोज खान बाँध क्षेत्रमा पुगेका थिए। गोताखोरले १६ जनालाई उद्धार गरेका थिए। उद्धारमा देशको जल तथा स्थलसेना परिचालन भएको थियो। हराइरहेका दुई जना विद्यार्थीको अझै खोजी भइरहेको कोहाट जिल्लाका प्रहरी अधिकृत अब्दुल रफुर बाबर कुरेसीले जानकारी दिएका छन् ।

# पोखराको पुरानो विमानस्थललाई वायुसेवा तालिम केन्द्र बनाउने तयारी

**टक नेपाल, पोखरा ।**
पोखराको पुरानो विमानस्थललाई ट्रेनिङ सेन्टर बनाउने तयारी भएको छ। नागरिक उड्डयन प्राधिकरणले काठमाडौं उपत्यकामा रहेको तालिम केन्द्र पोखरामा सार्ने तयारी गरेको हो। जोमसोम उडान, हेलिकप्टर र अल्ट्राराइट पुरानो विमानस्थलबाट भइरहेको छ । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै पुरानो विमानस्थललाई ४ वटा काममा प्रयोग गर्न सकिने प्राधिकरणले जनाएको छ। 'रनवेसहितको पूर्वाधार पोखरामा रहेकोले यसलाई तालिम केन्द्र बनाउने छलफल चलिरहेको छ', नेपाल नागरिक प्राधिकरणका प्रवक्ता जगनाथ निरौलाले भने, 'निर्णय भने हुँन बाँकी नै रहेको छ।'



नयाँ विमानस्थलमा हेलिकप्टर उडानको लागि ठाउँ छैन । पुरानै बाट गर्नुपर्ने बाध्यता रहेको छ। प्राधिकरणले पुरानो विमानस्थललाई केहि समयअघि व्यवसायीक रुपमा प्रयोग गर्न सकिने बताएको थियो। 'प्राधिकरणको तालिम केन्द्रलाई पोखरा लैजाने की भन्ने रहेको छ', उनले भने, 'रनवे देखी एटीसीसम्मका सबै सुविधा पोखरामा हुँदा त्यहाँ लैजाँदा उपयुक्त हुने देखिएको छ।' प्राधिकरणले तालिक केन्द्रसहित सडक छेउँमा सटर निकालेर व्यावसायिक भाडामा दिन सकिने विकल्पसंगै रहेको बताए। 'ट्रेनिङ सेन्टरसंगै केही ठाउँ व्यवसायीक रुपमा दिन सकिन्छ,' उनले भने,' सडक छेउँको ठाउँमा सटर निकालेर व्यवसाय गर्न भाडामा दिन सकिन्छ।' पुस १७ देखि पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ। आन्तरिक तर्फका उडान अन्तराष्ट्रिय विमानस्थलमा हुन लागेसंगै पहिलाको विमानस्थलको उपयोगिताको विषयमा छलफल चलिरहेको छ । पोखरा महानगरपालिकाका प्रवक्ता मोतिलाल तिम्सिनाले पुरानो विमानस्थललाई यथास्थितीमा राख्दै उपयोग गर्नु पर्ने महानगरको धारणा रहेको बताए। 'प्राधिकरणले विमानस्थललाई के गर्ने स्पष्ट रुपमा हामीसंग छलफल गरेको छैन,' उनले भने, 'अहिलेकै अवस्थामा उपयोग बढ्ने गरी राख्नुपर्छ।'

# विद्यालयबाट चोरिएको कम्प्युटरसहितका समान डेरीमा फेला, दुई जना पक्राउ

**टक नेपाल, जनकपुरधाम ।**
धनुषाको औरही गाउँपालिका- १ स्थित रामजानकी माध्यमिक विद्यालयको कार्यालयबाट चोरी भएको कम्प्युटर र अन्य सामान डेरी उद्योगबाट बरामद भएको छ । चोरी भएका सामानहरु औरही गाउँपालिका- १ मै अमितकुमार साहले सञ्चालन गरेको डेरीबाट बरामद गरिएको हो। चोरीका सामानहरु डेल कम्पनीको मोनिटर १ थान, नोकिया लेखिएको वाइफाइको राउटर १ थान, कम्प्युटर किबोर्ड १ थान, सोमिटर १ थान र सोलार प्लान्ट १ थान



बरामद भएको प्रहरीले जनाएको छ। चोरी गरेको आशंकामा स्थानीय शिवशंकर मण्डललाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गर्दा उनी नै चोर भएको र चोरीका सामानहरु डेरीमा राखेको खुलेको थियो । स्थानीय लक्ष्मेश्वर यादवको खेतमा जडान भएको सोलार प्लान्टसमेत मण्डलले नै चोरी गरेको र डेरी रहेको सडक छेउमा जमिनमुनि खाल्डो भित्र लुकाइछिपाइ राखेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । चोरी कार्यमा संलग्न मण्डल र डेरी सञ्चालक साहलाई नियन्त्रणमा लिई चोरी मुद्दामा म्याद लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले बताएको छ ।



# धनुषामा प्रहरी हिरासतबाट भागेका ६ मध्ये तीनजना पक्राउ

**टक नेपाल, जनकपुरधाम ।**



इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट पर्खाल फोडेर भागेका छमध्ये तीनजना थुनुवा पक्राउ परेका छन् । पक्राउ पर्नेमा मिथिला नगरपालिका-२ का २५ वर्षीय हरिदीप सिंह, क्षीरेशवरनाथ नगर पालिका-२ का २५ वर्षीय अमित मण्डल र मिथिला नगरपालिका- ६ का रोशनकुमार महतो रहेका छन् । अभद्र व्यवहार तथा शान्तिसुरक्षा विरुद्धको मुद्दाका हरिदीपलाई मङ्गलबार राति र अमितलाई मङ्गलबार दिउँसो पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिनुभयो । त्यस्तै हातहतियार खरखजाना मुद्दाका रोशनलाई सोमबार साँझ नै प्रहरीले पक्राउ गरेको थियो । आइतबार राति इलाका प्रहरी कार्यालयको हिरासतको भित्ता फोडेर विभिन्न मुद्दाका छजना फरार भएका थिए । बाँकी तीनजनाको खोजी जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालय र मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट खटिएको संयुक्त प्रहरी टोलीले खोजतलास जारी बताइएको छ ।

# ‘१८ वर्षमै सांसद लड्न पाउने कानुन बनाऔं’

**टक नेपाल, काठमाडौं ।**



पूर्व-कानुनमन्त्री माधव पौडेलले प्रतिनिधिसभा सदस्य उम्मेदवार बन्न योग्य उमेरलाई घटाएर १८ वा २० वर्षमा झार्नुपर्ने प्रस्ताव राखेका छन्। बुधबार राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार समितिको बैठकमा बोल्दै उनले प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बन्न पाउने उमेर सीमा घटाउनुपर्ने बताएका हुन्। उनले प्रतिनिधिसभा सदस्य बन्न पाउने उमेर २५ वर्षबाट घटाएर १८ वा २० वर्ष राख्न उपयुक्त हुने बताए। उनले नेपालमा पुरातनवादी परम्परालाई पछ्याएका कारण प्रतिनिधिसभा सदस्य बन्न पाउने उमेर २५ वर्षमै यथावत रहेकाले त्यसलाई सच्याउन आवश्यक रहेको बताए। उनले मतदान गर्न पाउने तर उम्मेदवार बन्न नपाउने मान्यतालाई हटाएर नयाँ समयअनुसार परिवर्तन हुन सक्नुपर्ने बताए। उनले भने, ‘अब हजुरहरूले संविधानमा पनि सुधार गर्न जरुरी छ । उमेर घटाउनुपर्छ। २५ वर्ष जुन प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नका लागि तोकिएको छ, यो १८औं शताब्दीको कुरा हो, संसार कहाँ पुगिसक्यो, अमेरिका फ्रान्समा १९,२० वर्षका मानिसहरू मेयर भइरहेका छन्, हाम्रो नेपालमा २५ वर्ष पुग्नै पर्ने के छ ? युवाहरूलाई आकर्षित गर्न पनि २५बाट घटाएर १८ वा २० वर्षमा ल्याउनुपर्छ।’ पूर्व मन्त्री पौडेलले प्रतिनिधि सभा सदस्यको निर्वाचन नै ऐनमा तोकेर राख्न आवश्यक रहेको बताए। उनले विद्युतीय निर्वाचनलाई सुरुवात गर्नुपर्ने र निर्वाचन खर्चलाई कम गराउन आवश्यक रहेको बताए। उनले अहिले राजनीतिक दलबाट प्रयोग भइरहेको समानुपातिक निर्वाचन प्रणाली विकृत रूपमा प्रयोग गरिरहेको बताए।

# गोलभैंडाको उचित मूल्य नपाउँदा किसान मर्कामा

**टक नेपाल, सर्लाही ।**



गोलभैंडाको उचित मूल्य नपाएपछि लालबन्दीका किसान मर्कामा परेका छन् । भारतबाट गोलभैंडा बजारमा भित्रिन थालेपछि जिल्लामा उत्पादित गोलभैंडाले मूल्य पाउँन नसक्दा उनीहरु मर्कामा परेका हुन् । हाल किसानहरुले गोलभैंडा प्रतिक्रेट रू एक सय ५० देखि दुई सय सम्ममा बिक्री गरिरहेका छन् । प्रतिकेजी रू छ देखि आठमा बेच्नुपर्दा लागत उठाउन मुस्किल भएको हरिवन नगरपालिका-२, आँमटोलका किसान रामपुकार महतोले गुनासो गर्नुभयो । ‘सुरुमा एक क्रेटको रू एक हजार दुई सयसम्म हुन्थ्यो तर अहिले एक सय ५० मा बेच्नु परेको छ’, उहाँले भन्नुभयो । भारतबाट गोलभैंडा भित्रिदा यहाँका किसान मारमा परेका उहाँको भनाइ थियो । लालबन्दी नगरपालिका-१०, तुलसी टोलका किसान प्रेम श्रेष्ठले क्रेटको रू डेढ सयका दरले बेच्नु पर्दा लागत उठाउन नै समस्या भइरहेको बताउनुभयो। उहाँका अनुसार काठमाडौंका व्यापारीले पनि किसानबाट सस्तोमा गोलभैंडा किन्ने गरेका छन् । लालबन्दी नगरपालिका-१ नवलपुरका किसान रामचरित्र कुशवाहले १० कठ्ठामा गोलभैंडा खेती गर्नुभएको छ। ‘बजारमा व्यापारीले भारतीय गोलभैंडा सस्तोमा आइरहेको छ भन्दै हाम्रो गोलभैंडा लिन मानिरहेका छैनन्’,उहाँले भन्नुभयो । खेतमा पाकेका गोलभैंडा तत्काल बिक्री नगरे नष्ट भएर जाने भएकाले किसान व्यापारीले भनेकै मूल्यमा बिक्री गर्न बाध्य छन् । पछिल्लो समय बिचौलिया सक्रिय हुँदा किसान मारमा परेका कृषि थोक बजार व्यवस्थापन समिति लालबन्दीका बजार व्यवस्थापक शम्भुप्रसाद घिमिरेले बताउनुभयो । बजारमा अहिले भारतीय गोलभैंडा धेरै भित्रिएको छ, जिल्लामा पनि धेरै नै उत्पादन हुँदा किसानले उचित मूल्य पाउन नसकेका कृषि थोक तरकारी बजार व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका व्यापारी तोरनबहादुर मगरले बताउनुभयो । जिल्लाको लालबन्दी, रानीगन्ज, पत्थरकोट, चन्द्रपुर, हीरापुर, नवलपुर, अत्रौली, सासापुरलगायतका क्षेत्रमा गोलभैंडाको व्यावसायिक खेती गरिन्छ। लालबन्दी बजारबाट अहिले दैनिक २५ देखि ३० टन गोलभैंडा काठमाडौंको कालीमाटीलगायत देशका प्रमुख बजारमा निर्यात भइरहेको कृषि थोक बजार व्यवस्थापन समिति लालबन्दीले जनाएको छ । कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहले कृषि बजार निर्देशनालय, नगरपालिका, व्यापारी र किसानले संयुक्त रुपमा बजार भाउ तोक्नुपर्ने बताउनुहुन्छ । स्थानीय सरकारले बेवास्था गर्दा आफूहरु मर्कामा परेको किसानहरुको गुनासो छ।

# अफताब आलमले जेलभित्रबाटै बिचौलियामार्फत लुटतन्त्र मच्चाएको आरोप

**टक नेपाल, काठमाडौं ।**

इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट पर्खाल फोडेर भागेका छमध्ये तीनजना थुनुवा पक्राउ परेका छन् । पक्राउ पर्नेमा मिथिला नगरपालिका-२ का २५ वर्षीय हरिदीप सिंह, क्षीरेशवरनाथ नगर पालिका-२ का २५ वर्षीय अमित मण्डल र मिथिला नगरपालिका- ६ का रोशनकुमार महतो रहेका छन् । अभद्र व्यवहार तथा शान्तिसुरक्षाविरुद्धको मुद्दाका हरिदीपलाई मङ्गलबार राति र अमितलाई मङ्गलबार दिउँसो पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिनुभयो । त्यस्तै हातहतियार खरखजाना मुद्दाका रोशनलाई सोमबार साँझ नै प्रहरीले पक्राउ गरेको थियो । आइतबार राति इलाका प्रहरी कार्यालयको हिरासतको भित्ता फोडेर विभिन्न मुद्दाका छजना फरार भएका थिए । बाँकी तीनजनाको खोजी जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालय र मधेस प्रदेश प्रहरी कार्यालय जनकपुर धामबाट खटिएको संयुक्त प्रहरी टोलीले खोजतलास जारी बताइएको छ।




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com